गाउँ सभाम पेश मिति : २०८२/०३/०८

सभा बाट पारित मिति : २०८२/०३/

जिराभवानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा
मधेश प्रदेश, नेपाल

यस जिराभवानी गाउँपालिकाको गाउँसभाको १६ औ अधिवेशनले (आ.व २०८२/८३ को लागि )ले देहाय बमोजिमका निर्णयहरु सर्वसहमतिले पारित गरि कार्यन्वयन निर्णय गरियो ।

१. आ.व २०८२/८३ को लागि गाउँपालिकाको नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

२. आ.व २०८२/८३ को लागि जिराभवानी गाउँपालिकाको बार्षिक बजेट (अनुसूची १) बमोजिम पारित गर्ने निर्णय गरियो ।

३. आ.व २०८२/८३ को लागि तपसिल बमोजिमको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ बमोजिम को समितिका निर्णयहरु पारित गर्ने निर्णय गरियो ।

a. स्थानीय राजश्व परामर्श समितिको निर्णय, २०८२

b. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, २०८२

c. बजेट तथा कार्यक्रम तर्जुमा समिति, २०८२

४. जिराभावानी गाउँपालिकाको आर्थिक बिधेयक, २०८२

५. जिराभावानी गाउँपालिकाको बिनियोजन बिधेयक, २०८२

६. यस गाउँपालिकाले बिगत आ.व २०८१/८२ मा कार्य सम्पन्न भई भुक्तानी दिन बाकी रहेको योजनाहरुको भुक्तानीको लागि अनुसूची -२ (म.ले.प.फ नं.२११ ) प्रमाणित गरि सोहि अनुसारको भुक्तानी दिने निर्णय गरियो |

७. यस गाउँपालिकाको अधिकारक्षेत्र भित्र रहेको भलुवाई खोलामा रहेको नदिजन्य पदार्थ बिक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन (EIA),प्रारम्भीक वातावरणीय परिक्षण (IEE) आदि जस्ता मुल्यांकन परिक्षण सम्बन्धित निकाय बाट गराई सो खोलाको समयसिमा भित्र ठेक्का पट्ट गर्ने निर्णय गरियो |

८. गाउँपालिकामा बिगत बर्षमा श्री महालेखापरिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु लाई सम्परिक्षणको लागि अनुसूची-३ बमोजिमको बिषयहरुलाई समेटी सम्बन्धित अधिकारीमा पेश गरि बेरुजु सम्परिक्षण गर्ने निर्णय गरियो |

९. गाउँपालिकाले गरेको १० बेड को आधारभूत स्वास्थ्य अस्पतालको निर्माणकार्य हालसम्म पनि निर्माण नभएको अवस्थामा सो को ठेक्काको म्याद १ बर्ष थप गर्ने निर्णय गरियो |

१०. जिराभवानी गाउँपालिकाको Organization and Management Survey, २०८२ स्वीकृत गरि आ.व २०८२/८३ बाट लागु गर्ने निर्णय गरियो |

११. आ.व २०८३/८३ मा बजेट रकमान्तर गर्नुपर्ने अवस्था आएमा तपसिलको समिति बाट निर्णय गरि हुने निर्णय गरियो ।

**तपसिल**

१. गाउँपालिका अध्यक्ष – संयोजक

२. प्र.प्र.अ – सदस्य

३. योजना शाखा – सदस्य

४. कार्यपालिका सदस्य – सदस्य

५. लेखा शाखा – सदस्य सचिव

१२. गाउँपालिकामा हालको लागि स्थायी प्रकृतिको कर्मचारी दरबन्दी अनुसार नरहेकोले शाखा प्रमुख तथा न्यायिक समिति लगायत अन्य समितिको समेत जिम्मेवारी गाउँपालिकाको प्रत्यक्ष निगरानीमा रहने गरि करार लगायतका कर्मचारीलाई समेत दिने निर्णय गरियो ।

१३. आ.व २०८२/८३ को लागि गाउँपालिकामा कार्यरत करार दैनिक ज्यालादारी तथा स्थाई प्रकृति बाहेकका कर्मचारीको म्याद थपको सम्बन्धमा कार्यसम्पादन मुल्यांकनको आधारमा सम्बन्धित शाखाको सिफारिशमा कम्तिमा पनि ६ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

१४. आ. व २०८१/८२ बाट सामुदायिक भवनको नाममा निर्माण प्रक्रिया जिराभवानी गाउँपालिका वडा नं.२,पानीटंकी तथा छठ घाट निर सुरु रहको भवनलाई कम्तिमा पनि एक तल्ला निर्माण भए पश्चात सो भवन लाई गाउँपालिकाको प्रशासनिक भवनको रुपम परिणत गरि गाउँ कार्यपालिकाको आर्थिक तथा प्रशासनिक कार्य संचालन गर्ने निर्णय गरियो |

१५. गाउँपालिकाले बिभिन्न निकाय मन्त्रालय तथा कार्यालय संग लागत साझेदारीमा योजना सम्पन्न गर्नको लागि गाउँपालिकाको सम्पुरक कोष मा कम्तिमा पनि रु.१ करोड बराबरको Matching fund खडा गर्ने निर्णय गरियो |

१६. गाउँपालिकाको दैनिक आर्थिक तथा प्रशासनीक कार्यको व्यवस्थित संचालनको लागि कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको लागि खाजा नास्ता को व्यवस्था गाउँपालिकाको बिबिध खर्च मार्फत गर्ने निर्णय गरियो |

१७. गाउँपालिकाले सम्पादन गर्ने दैनिक आर्थिक तथा प्रशासनिक कार्यको लागि पर्सा जिल्लाको सदरमुकाम बिरगंजमा जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रणको कार्यालय आसपास भाडा मा भवन कोठा फ्ल्याट लिने निर्णय गरियो |

१८. गाउँपालिकाको दैनिक कार्य संचालनको लागि तथा कार्यालय प्रयोजनको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, गाउँ सभा सदस्य तथा कार्यालयका कर्मचारीहरुको लागि आवश्यकता अनुसार चार पांग्रे गाडी भाडामा लिने निर्णय गरियो |

१९. जिराभावानी गाउँपालिकाको आफ्नो प्रशासनकीय भवन निर्माण नभए सम्मको लागि गाउँकार्यपालिकाको कार्य संचालनको लागि भवन कोठा भाडामा लिने तथा लिई सकेको कोठा भवन को म्याद १ आर्थिक बर्ष सम्म थप गर्ने निर्णय गरियो ।

२०. गाउँपालिकामा कार्यरत कर्मचारीको मनोबल तथा प्रोत्साहनको लागि आर्थिक रुपमा कार्यालय प्रमुख लाई तलबको ६० प्रतिशत, लेखा प्रमुखलाई तलबको ५० प्रतिशत र शाखा प्रमुखलाई तलबको ३० प्रतिशत, वडा सचिवलाई तलबको २० प्रतिशत थप प्रोत्साहन रकम र थप जिम्मेवारीमा कार्यरत कर्मचारीलाई थप शाखा अनुसारको प्रति महिना रु.७००० मात्र आन्तरिक स्रोत बाट उपलब्ध गराउने निर्णय गरियो र प्राबिधिक कर्मचारीलाई कार्यक्षमताको आधारमा प्रति महिना थप ईन्जिनियरको रु.७ हजार र सो भन्दा तल्लो तहको प्राबिधिकलाई रु.५ हजार दिने निर्णय गरियो ।

२१. गाउँपालिकाले आवश्यक परेको खण्डमा बिदाको दिन समेत कार्यालय संचालन गरि सेवा प्रदान गर्न सक्ने निर्णय गरियो ।

२२. गाउँपालिका अन्तर्गत शैक्षिक संस्था, सामुदायिक बिधालय, अन्य संस्था तथा विभिन्न कारणले दैविक प्रकोप पिडित, आर्थिक बिपन्न, अपांग, बिधवा महिला, अस्पतालमा उपचार गराई रहेको बिरामी आदि लाई आर्थिक तथा प्राबिधिक सहयोग गर्नको लागि यस गाउँपालिकाको गाउँ कार्यपालिकाको

निर्णय, सो नहुने अवस्था भएमा गाउँपालिका अध्यक्ष स्तरीय निर्णय मार्फत भुक्तानी बितरण गर्न सकिने तथा आर्थिक सहयोग गर्ने निर्णय गरियो |

२३. सार्वजिनक स्वास्थ्य सेवामा नि;शुल्क एम्बुलेन्स सेवा प्रबाहको लागि गाउँपालिका बाट ईन्धनको व्यवस्थापन गर्ने निर्णय गरीयो |

२४. गाउँपालिकाको लगानी तथा अनुदान सहयोगमा संचालनमा रहेको कक्ष १२ सम्म को पठनपाठन कार्यक्रम लाई निरन्तरता दिने तथा अनुदान सहयोग पठाउने निर्णय गरियो |

२५. संघीय अनुदानबाट निर्माणको अन्तिम चरणमा रहेको १० बेड को अस्पताल भवन निर्माण भैई हस्तान्तरण पश्चात सेवा संचालनको लागि आवश्यक आर्थिक तथा प्राबिधिक सहयोग संघीय सरकार तथा प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो |

२६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निगरानी तथा अनुसन्धान गर्ने निकायहरुको माग अनुसारको लिखित तथा मौखिक जफाब दिनको लागि छुट्टै शाखाको निर्माण गर्ने, सो शाखा मा पुरानो तथा अनुभवी कर्मचारीलाई जिम्मेवारी दिई समन्वयको लागि खटाउने निर्णय गरियो |

२७. गाउँ सभा सदस्यहरुको लागि यस आ.व २०८२/८३ को गाउँ सभाको लागि सबै जनप्रतिनिधिहरुको लागि पोशाक (कपडा,कोट ,साडी आदि ) उपलब्ध गराउने निर्णय गरियो |

२८. गाउँपालिकाको १० बेड को आधारभूत अस्पताल निर्माणको अन्तिम चरणमा रहेकोमा तर हाल सम्म पनि सम्पन्न नभएकोले यस अन्तिम पटकको

लागि २०८२ श्रावन महिना देखि बढीमा ६ महिना सम्मको लागि कुनैपनि प्रकारको लगत नबढने शर्तमा म्याद थप गर्ने निर्णय गरियो |

२९. गाउँपालिकाको आ.व २०८१/८२ सम्मको बेरुजुको सबै खालको लगत न्यूनीकरण तथा फछर्यौटको लागि आवश्यक परामर्श सेवाको उपयोग गरि महालेखा परीक्षकको कार्यालयमा तथा सम्बन्धित डोरमा आवश्यक सबै श्रेस्ता पेश गरि लगत कट्टा गरिनेछ |

३०. यस गाउँपालिकाको मिति २०८२/०२/१८ गतेको लेखा समितिको बेरुजु सम्बन्धित निर्णय यस सभामा पेश भएको हुँदा सो निर्णयमा दफावार छलफल गरि लेखा समितिको निर्णयलाई समर्थन गर्दै अनुमोदन समेत गर्ने निर्णय गरियो |

३१. गाउँपालिकाको कर्मचारी कल्याणकोषको लागि कम्तिमा पनि रु. १० लाख बिनियोजन गरि खाता व्यवस्थापन गर्ने निर्णय गरियो |

३२. गाउँपालिकाको योजना संचालन गर्दा हुने Contengency लाई ३ प्रतिशत मा राख्ने तथा सो बमोजिमको रकम दैनिक कार्य संचालनमा कार्यालयको निर्णय अनुसार खर्च गर्ने निर्णय गरियो |

३३. यस गाउँपालिका बाट जिल्ला स्थित नियमन गर्ने कार्यालयहरु ( जिल्ल प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, अन्य ) तथा यस पालिकाको सुरक्षा, रेख देख, बिपत व्यवस्थापन तथा अन्य जिम्मेवारीमा खटेका कार्यालय, संघ संस्था, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी, सशस्त्र प्रहरी बल, नेपाल आदिले बिभिन्न खालको सहयोग (ईन्धन, कर्मचारी, मसलन्द, बिपत व्यवस्थापन सामग्री, बाढी नियन्त्रण आदि) माग गरेमा आवश्यकता अनुसार सहयोग गर्ने निर्णय गरियो |

३४. जिराभवानी गाउँपालिकाको चल, अचल , पुंजीगत आदि कानुन बमोजिम हुने सबै खालको सम्पतिको जिन्सी निरीक्षण गर्ने निर्णय गरियो |

३५. नेपाल सरकारको संघिय बजेट, प्रदेश सरकारको प्रदेश स्तरीय बजेट बाट हाल सम्म संचालनमा रहेका (प्रधानमन्त्री रोजगार कार्यक्रम आदि ) जस्ता कार्यक्रमहरुको नियुक्त कर्मचारीको सेवा सुबिधा सम्बन्धित सरकारले उपलब्ध गराउन नसकेको अवस्थामा तथा अनुरोधमा यस गाउँपालिकाले प्राप्त गर्ने अनुदानबाट पालिकाको आवश्यकता तथा औचित्यताको आधारमा संचालन तथा सम्बन्धित कर्मचारीलाई निरन्तरता दिने निर्णय गरियो ।

३६. यस गाउँसभा अघि गाउँ कार्यपालिका मार्फत भएको निर्णय तथा कारबाही यसै सभाको निर्णय बमोजिम भएको भनि सदर गर्ने निर्णय गरियो ।

३७. गाउँपालिकाको गाउँ सभामा सहयोग गर्ने गाउँपालिकाको पदाधिकारी, कर्मचारी, सचेत नागरिक, पत्रकार बुद्धिजीवी लगायत सबै नेपाली समाजप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

जय जिराभवानी माता, जय बाबा बटेश्वरनाथ सबैको कल्याण गरुन ।

CamScanner